# मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

## नगर कार्यपालिका बैठक

मिति : २०७७ फाल्गुन २५ गते मंगलबार

**प्रस्तावहरु:**

१. गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको लागि गणक खटाउने सम्वन्धी ।

२. घटना दर्ता तथा सामामजिक सुरक्षा दर्ता शिविर संचालन गर्ने सम्वन्धी।

३. भूमि समस्या समाधान सम्वन्धी कार्य अगाडि बढाउने सम्वन्धमा।

४. उपभोक्ता समितिबाट योजना कार्यान्वयन गर्ने सम्वन्धमा।

५. बाढी पहिरोबाट जोखिममा परेका घरहरु मर्मत रकम सम्वन्धमा ।

६. विविधः

**निर्णयहरु:**

१. भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत छनौट भएका सुपरिवेक्षक तथा गणकहरुलाई अभिमुखीकरण तालिम सम्पन्न गरी गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिम तथ्याङ्क संकलनको लागि देहाय बमोजिम वडाहरुमा खटाइएको विषय जानकारी भयो । तथ्याङ्क संकलन कार्यको सहजीकरण सवै पदाधिकारी तथा कर्मचारीहरुले गरी कार्यक्रम सफल पार्न सहयोग गर्ने निर्णय गरियो ।

गणक तथा सुपरिवेक्षकले कामकाज गर्ने वडाहरु

| क्र.सं. | नाम थर | कामकाज गर्ने स्थान |
|---|---|---|
| १ | सहदेव तिवारी (सुपरिवेक्षक) | वडा नं. १, २, ३, ४, ५, १२, १३ |
| २ | रन्जन श्रेष्ठ (सुपरिवेक्षक) | वडा नं. ६, ७, ८, ९, १०, ११ |
| ३ | मिना सिग्देल (गणक) | वडा नं. ६ र वडा नं. ४ को खण्ड (क) |
| ४ | रुपक चुहान (गणक) | वडा नं. २ र ३ |
| ५ | मेनुका खड्का (गणक) | वडा नं. १० |
| ६ | सरिता गिरी (गणक) | वडा नं. ४ को खण्ड (ख) र वडा नं. ७ को खण्ड(क) |

| क्र. सं. | नाम थर | कामकाज गर्ने स्थान |
|---|---|---|
| ७ | प्रमिला गिरी (गणक) | वडा नं. ८ र वडा नं. ७ को खण्ड (ख) |
| ८ | अनुसा सापकोटा (गणक) | वडा नं. ११ को खण्ड (क) |
| ९ | रक्षा सिग्देल (गणक) | वडा नं. ५ र वडा नं. ११ को खण्ड (ख) |
| १० | गणेश दुलाल (गणक) | वडा नं. १२ |
| ११ | सुजता दुलाल (गणक) | वडा नं. १३ |
| १२ | कमला कटुवाल (गणक) | वडा नं. १ |
| १३ | फुलमाया तामाङ (गणक) | वडा नं. ९ |

२. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको स्वीकृत कार्यक्रम अनुसार व्यक्तिगत घट्ना दर्ताका दर्ता किताव डिजिटाइजेसन कार्य अन्तिम चरणमा पुगेको हुँदा घट्ना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालनको लागि परामर्शदाता छनौट प्रकृया अगाडि बढाउने सूचना प्रकाशन गर्ने र चैत्र महिनाभित्रमा शिविर सञ्चालन गर्ने तयारी गर्ने निर्णय गरियो ।

३. भूमि सम्वन्धी समस्या समाधान आयोग र मेलम्ची नगरपालिका बीच भएको समझदारी अनुसार भूमिहिन दलित, भूमिहित सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलत सम्वन्धी कार्यविधि, २०७७ बमोजिम वडास्तरीय भूमि सम्वन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्न बाँकी वडाहरुले यथाशिघ्र समिति गठन गरी नगरपालिकामा जानकारी दिने र आगामी २०७७ चैत्र १५ गतेसम्ममा सोही कार्यविधिको अनुसूची २ बमोजिम **स्थानीय तहको अनौपचारिक तथा अव्यवस्थित भूसम्वन्धको वस्तुस्थिति र परिवेश आँकलन** फारामको वडा स्तरीय विवरण तयार गरी नगरपालिकामा पठाउने निर्णय गरियो ।

४. मेलम्ची नगरपालिका नगर कार्यपालिकाको मिति २०७७ श्रावण १४ गतेको बैठकबाट चालु आर्थिक वर्षको स्वीकृत योजनाहरुमध्ये रु. १० लाख भन्दा बढी बजेट विनियोजन भएका योजनाहरु शिलवन्दी दरभाउपत्र वा बोलपत्र खरिद प्रकृयाबाट कार्यान्वयन गर्ने निर्णय भएकोमा सो बमोजिम हालसम्म E- bidding मार्फत ५० वटा भन्दा बढी योजना कार्यान्वयनमा लगिएको छ । E-Bidding मार्फत प्रतिस्पर्धामा जाँदा बचत भएको रकम सोही योजनाको बाँकी कामहरु गर्न अत्याधिक माग हुने गरेको छ। यस वर्ष बाढी पहिरोले क्षति पुर्याएका सार्वजनिक संरचना पुननिर्माणको लागि विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रकम स्वीकृत भएको छ । तर आर्थिक वर्षको दोश्रो चौमासिक अवधी सकिन लागेको विद्यमान अवस्थामा सवै योजनाहरु बोलपत्र/शिलवन्दी दरभाउपत्र मार्फत कार्यान्वयन गर्दा ख़रिद प्रकृयामा बढी समय लाग्ने र कार्यान्वयन ढिला हुने देखिएको हुँदा बोलपत्रमा घटी रकम कबोल गरी बचत भएको रकम सोही योजना/कार्यक्रममा थप कामको लागि खर्च गर्न पर्ने भएमा, विपद व्यवस्थापन अन्तर्गतका कार्यहरु तथा कार्यपालिकाको निर्णय र नगर सभाबाट विनियोजन भएका योजनाहरु मध्ये रु. २० लाखसम्म रकमका योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

५. गत वर्षायामको बाढी पहिरोबाट भत्किएका तथा जोखिममा परेका घरआँगन संरक्षणको लागि सम्वन्धित घरधनीले संरक्षण कार्य सम्पन्न गरेपश्चात नगरपालिकाले मर्मत कार्यको कूल लागतको २५ प्रतिशत वा एकमुष्ट रु. ४० हजार मध्ये जुन कम हुन्छ सो रकम दिने भनी विपद व्यवस्थापन समितिको मिति २०७७ असोज २३ गतेको बैठकबाट भएको निर्णय अनुसार घर संरक्षण मर्मत गर्न वडा कार्यालयमा सम्झौता गर्ने म्याद २०७७ चैत्र ८ गतेसम्म कायम गर्ने र सो मितिसम्ममा सम्झौता गरेको जानकारी नगरपालिकामा प्राप्त नभएको हकमा रकम उपलव्ध नगराउने ।